# रेडप्लसमा महिलाका अवसर र चुनौती

✍रुपा के.सी.[1]

## पृष्ठभूमि

विश्वको जल्दोबल्दो समस्या हो-जलवायु परिवर्तन। त्यसले मानव जीवन तथा जैविक विविधतामा पार्ने असर सबैमा समान हुन्छ भन्ने बुझाई बढ्दै आएको छ। तसर्थ, जलवायु परिवर्तनका असरविरुद्ध भइरहेका राजनीतिक प्रयासलाई सकारात्मक परिवर्तन गराउने सकारात्मक संकेत मान्न सकिन्छ। जलवायु परिवर्तन न्यूनीकरणका लागि वन संरक्षण तथा संबर्द्धनका विषयमा विभिन्न देशमा विभिन्न मुद्धाहरुमाथि बहस भइरहेका छन्। जलवायु परिवर्तन सम्बन्धमा भएका अध्ययन तथा अनुसन्धानहरुले यसका असरहरु न्यूनीकरण तथा अनुकुलन गर्नका लागि रणनीतिहरु बनाउन सिफारिस गरेका छन्। फलस्वरुप, वायुमण्डलमा भएको कार्बनलाई वन संरक्षण तथा वन व्यवस्थापन गरेर कार्बन सञ्चिती गर्ने सोचले नै रेड अवधारणाको विकास भएको हो। त्यही रेड कार्यक्रम रेडप्लसमा परिमार्जनसहित रुपान्तरण भएको छ। रेडप्लस कार्यान्वयनका प्रक्रियाहरु वन संरक्षण, दिगो वन व्यवस्थापन र कार्बन सञ्चितीकरणमा आधारित छन्।

अविकसित तथा विकासोन्मुख देशहरुमा वनको महत्व विकसित देशहरुको भन्दा फरक हुन्छ। विकसित देशहरुले वनमा उद्यमको सम्भावना देख्छन् भने अविकसित तथा विकासोन्मुख देशहरुले वनमा जीविकोपार्जनका आधारभूत अवसरहरु रहेको मान्छन्। नेपालजस्तो अविकसित देशमा बसोबास गर्ने बहुसंख्यक ग्रामीण समुदाय जो वन स्रोतमा जीविकोपार्जनका आधारभूत आवश्यकता परिपूर्ति गर्न तल्लिन छन्, उनीहरुलाई रेडप्लसमार्फत हाल प्राप्त अवसरहरुले विभिन्न चुनौती निम्त्याएका छन्।

वैदेशिक रोजगारी तथा सहरकेन्द्रित विकासका कारणले नेपालको जनशक्ति विदेशिने तथा सहरीकरणका कारणले सहर बजारकेन्द्रित भैरहेका छन्। ग्रामीण महिलाहरुमा पुरुषको समेत भूमिका निर्वाह गर्नुपर्ने अवस्था सिर्जना भएकाले उनीहरुको कार्यभार अत्याधिक वृद्धि हुन पुगेको छ। महिलाहरु सदियौंदेखि वन व्यवस्थापनका मुख्य वाहक हुन्। ग्रामीण महिलाहरु जीविकोपार्जनका लागि वन क्षेत्रमा प्रत्यक्ष निर्भर छन् र उनीहरु धेरै गैर काष्ठ पैदावरहरुः घाँस, दाउरा, पात पत्करहरु आदिमा बढी निर्भर रहने गर्दछन्। सामुदायिक वन व्यवस्थापनको झाँडी कटानी, सरसफाइ, एक्ल्याउने आदिमा उनीहरुको श्रम र समयमा बढी योगदान रहन्छ (Agarwal 2010)। महिलाले वनको महत्वलाई बुझेका कारणले उनीहरु वनको दिगो व्यवस्थापकका रुपमा चिनिन्छन्। तसर्थः वनक्षेत्रमा हुनसक्ने सामान्य परिवर्तनले पनि महिलाहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा बढी असर पार्ने निश्चित छ।

## रेडप्लसको महत्व र अवसर

विभिन्न मानवीय क्रियाकलापहरुबाट वायुमण्डलमा उत्सर्जित कार्बनलाई पुनः प्राकृतिक कार्बनमा सञ्चित गर्न सहयोगी भूमिका खेल्न तयार गरिएको अवधारणा हो - रेड। यसअनुसार वायुमण्डलमा उत्सर्जित कार्बनलाई रुख तथा बोटबिरुवाहरुले पुन संचित गरेर प्राकृतिक अवस्थामा राख्न सक्दछ। विशेषतः औद्योगिक विकासको लागि कार्बन उत्सर्जन अपरिहार्य छ, कमसेकम स्वच्छ ऊर्जाबाट न्यूनतम आवश्यकता परिपूर्ति नहुँदासम्म। फलस्वरुप औद्योगिक विकासबाट प्राप्त आर्थिक मुनाफा (आर्जन) को केही अंशलाई वनजंगलबाट सञ्चित गरेको कार्बनमा समानुपातिक तुलना गरी लाभांश वितरण गर्ने कार्यलाई रेडप्लसको अवधारणामा समाहित गरिएको छ। वातावरणीय कार्बन सञ्चितिकरणका लागि रेडप्लस अवधारणाले वनमा कार्बन सञ्चितिलाई बढाएको छ। कार्बन सञ्चितिसँग आर्थिक सञ्चिति पनि जोडिएको हुँदा यसका कारणले वन स्रोतमा आश्रित महिला तथा अन्य पछाडि पारिएका समुदायको वनमा पहुँचलाई कथित

[1] पत्राचारः kc.rupa@gmail.com

उपल्लो वर्ग तथा पँहुचवालाहरुद्वारा धेरै हदसम्म रोक्ने प्रयास हुन सक्छ । कुनै निश्चित क्षतिपूर्तिबिना नै, मात्र विश्व वातावरणीय कार्बन संचितीकरणका लागि वनमा आश्रित वर्गहरुलाई वन स्रोतबाट टाढा राख्नु न्यायोचित हुँदैन ।

महिलाहरु जलवायु परिवर्तन र त्यसको असरहरुबाट बढी प्रभावित हुने तथ्य पत्ता लागेको छ (Watch 2009) । नेपालको कुल जनसंख्याको ५१.४ प्रतिशत (CBS 2011) महिला रहेका छन् । ग्रामीणस्तरमा बसोबास गर्ने महिलाहरु सम्पूर्ण रुपमा आफ्नो जीविकोपार्जनका लागि प्राकृतिक स्रोतमाथि निर्भर छन् । साथै, विभिन्न कारणले हाल पुरुषवर्ग विदेशीएकाले महिला तथा पुरुष दुवैको भुमिका खेल्न महिला नै बाध्य भएका छन् । उनीहरु स्वतः प्राकृतिक स्रोतको संरक्षण संवर्द्धन तथा उपयोगमा बढी संलग्न भएका कारण ग्रामिण स्तरमा जलवायु परिवर्तनका न्युनीकरण तथा अनुकुलनका कार्यक्रमहरु महिला लक्षित हुनु पर्छ । रेडप्लसको तयारीका लागि तय भएका स्वतन्त्र, अग्रिम, सुसूचित, सहमति तथा सामाजिक र वातावरणीय सुरक्षाका मापदण्डहरुले महिलाको अधिकार सुनिश्चित गर्न सहयोग गर्दछ । रेडप्लस कार्यान्वयन पक्षमा पनि वनमा आधारित विभिन्न समुदायको स्वतन्त्र सहमतिको आवश्यकता हुने हुँदा महिला हकको सुनिश्चितता हुने सम्भावना छ । त्यसैगरी रेडप्लस नतिजामा आधारित भुक्तानी प्राणाली रहेकोले, रेडप्लसले यी वर्गहरुको जनचेतनामा बढी ध्यान दिनु पर्ने खाँचो छ । रेडप्लसका रणनीतिहरुमा महिला अधिकार तथा भूमिका सम्बोधन गर्नुको साथै त्यसको जानकारी ग्रामीणस्तरसम्म गराउनु आवश्यक देखिन्छ । साथै प्राकृतिक स्रोतमा लाभांशको न्यायोचित बाँडफाँटलाई पनि जोड दिन वकालत गर्नुपर्ने तथा आर्यआर्जन मूलक कार्यक्रममा गहन र बढी लगानी हुनुपर्छ । महिलामैत्री वैकल्पिक उर्जाहरु, जसले महिलाको कार्यभार कम गर्नुका साथै उनीहरुको स्वास्थ्य सुधार पनि गर्छ त्यस्ता संयन्त्रको विकास हुन जरुरी छ । हाल ग्रामीण महिलाको जीवनस्तर सुधारमा काम गर्ने विभिन्न संघ संस्थाले पनि महिलाको भुमिका तथा समयको विश्लेषण गरेको देखिँदैन । महिला लक्षित कार्यक्रमहरुले पनि महिलाको कार्यबोझलाई अझै बढाइएको अनुभूति हुन्छ । तसर्थः रेडप्लसमा काम गरिरहेका विभिन्न संस्थाहरुका अनुसार रेडप्लस कार्यन्वयनमा महिलालाई केन्द्रबिन्दु बनाइनुपर्छ । वनमा आश्रित महिलालाई वैकल्पिक उपाय प्रदान गरिए मात्र कार्बन सञ्चितिका प्रयासहरु दिगो रुपमा विकास हुने देखिन्छ ।

## महिलाका सवाल, अन्तरविरोध र चुनौतीहरु

रेडप्लसको प्रभावकारी कार्यन्वयनका लागि, जलवायु परिवर्तनका असर र सामाजिक राजनीतिक अवस्थाका कारण मारमा परेका ग्रामीण महिलाका सवालहरुलाई सम्बोधन गरिनुपर्छ । यस विषयमा हिमवन्ती नेपालले उदाहरणस्वरुप रेडप्लसमा महिलाको क्षमता अभिवृद्धिको क्षेत्रमा मकवानपुर र सर्लाही जिल्लामा सन् २०११ देखि जनता र वनका लागि केन्द्र रिकफ्टको सहयोगार्थ महिलाहरुको क्षमता अभिवृद्धि गर्दै आइरहेको छ । रेडप्लस निमित्त सक्षम महिला जनशक्ति तयार, जनचेतनाका कार्यक्रम र जिल्लाका सवालहरुमा पैरवी गर्दै आईरहेको छ । सो कार्यक्रमअनुसार दुई जिल्लामा हाल सम्म ७७ सहजकर्तामध्ये १५ महिला र ११ पुरुष जसले रेडप्लसको जिल्ला स्तरीय तालिम सहजै दिन सक्ने जनशक्ति तयार भएको छ । एक हजारभन्दा बढी जनसमुदायलाई रेडप्लसबारे सचेतीकरण गरिएको छ । साथै, जिल्लास्तरका बहुसरोकारवालाहरुसँग स्थानीय स्तरका महिला सवालहरुमा बहस चलाई, सोसम्बन्धी राष्ट्रियस्तरका नीति निर्माण तह तथा सरोकारवालाहरुसँग पैरवी गर्दै आइरहेको छ । यी दुई जिल्लाहरुमा अहिलेसम्म गरिएको पहलअनुरुप महिला क्षेत्रमा देखिएका सवालहरु जस्तैः अर्थपूर्ण सहभागिता, स्रोतहरुमा समतामूलक पहुँच तथा रेडप्लसबाट हुनसक्ने फाइदाहरुमा सबै महिलाहरुको सम्मानजनक प्रतिनिधित्व, माथिल्लो तटीय तथा तल्लो तटीयमा रहेका वातावरणीय सेवाका सवालहरु आदि सतहमा देखिन थालेका छन् । सामुदायिक वन मार्गदर्शनले ५० प्रतिशत महिला सहभागिता र मुख्य एक पदमा महिला भने पनि हालसम्म कार्यान्वयनको अवस्था निकै नाजुक देखिन्छ । त्यस्तै रेड कार्य समूहमा पनि महिलाको सहभागिता १० प्रतिशत (WOCAN and HIMAWANTI 2012) भन्दा कम रहेको छ । यस्तो पृष्ठभूमिमा रहेका बिपन्न तथा दलित, जनजाति महिला तथा अन्य महिला सबैमा गहिरो निराशा र हिनताबोध व्याप्त छ । उनीहरुलाई सुरुका दिनहरुमा रेडप्लसमा अपनत्व जगाई सहभागी गराउने स्पष्ट विकल्पसहित भएको कार्यक्रम हुनुपर्दछ ।

| सवाल | अन्तर | चुनौतीहरु |
|---|---|---|
| **सामाजिक संस्कार तथा लैंगिक मान्यताः** चुरे क्षेत्रमा भएको वनविनाश तथा वन क्षयीकरणका कारण महिलाको जीविकोपार्जन कठिन, दाउरा तथा घास संकलनमा बढी समय खर्चिनु पर्ने | हाम्रो समाजमा रहेको पितृसतात्मक सोचका कारणले महिलाले हाल सम्म घरबाहिर धेरै समय खर्चन नहुने र जलवायु परिवर्तन तथा वन विनाशका कारण वन जंगलमा दाउरा तथा घास संकलन गर्दा बढी समय लागेको कारण, घरायासी कलह बढ्ने, *"पहिले चुरेको वन नजिक थियो एक भारी दाउरा ल्याउन १ घन्टा भए हुन्थ्यो तर अहिलेको अवस्थामा सो काम गर्न कम्तिमा ७ घन्टा लाग्ने र काम गरी फर्कदा घरमा सासु-ससूरा तथा श्रीमानले कहा गएको थिइस् भनी गाली गर्ने गरीएको अवस्था छ।" कल्याणी उप्रेती, सर्लाही* | कार्यभारका कारण लैगिंक हिंसामा वृद्धि |
| **अपर्याप्त क्षमता, ज्ञान र जानकारीः** वन संरक्षण तथा व्यवस्थापनमा महिलाको पृथक भूमिका रहेको छ। साक्षरतामा कमि र बुझाईमा एकरुपता नभएका कारण सबै महिलालाई एकै किसिमको कार्यक्रम गर्दा सो प्रभावकारी नहुनु, | महिलाकेन्द्रित कार्यक्रमहरु सञ्चालनमा कमी तथा महिलाको भूमिका अनुरुपका क्षमता अभिवृद्धिका कार्यक्रम तय नहुनु | रेडप्लस सुरुवातकै अवस्थामा महिलाको सहभागिताका कमी रहेका, नेपाल निम्ति रेडप्लस आफै चुनौतीपूर्ण रहने छ र यसले भोलिका दिनमा सामाजिक द्वन्द्व निम्त्याउन सक्ने |
| **नेतृत्व तहमा महिलाको संग्लनतामा कमीः** सामुदायिक वन तथा साझेदारी वन समितिमा महिलाहरु सहभागी मात्र रहेको र उनीहरुको निर्णयक तहमा हुनुपर्ने भूमिकामा कमी रहेको, | महिलाको सहभागितालाई मात्र जोड दिइएको र उनीहरुको निर्णायक भूमिका लागी संलग्न प्रक्रिया, अर्थपूर्ण सहभागिता तथा नेतृत्वदायी भूमिका अनुसार कार्यक्षमता अभिवृद्धिका लागि कम पहल गरिएको | महिला प्रस्तावहरुको पहिचान नहुने र भएका निर्णयहरु महिला उपयोगी छन् या छैनन् भनि विश्लेषण नगरिने |
| **स्थानीय संस्थाहरुको लाभांश वितरण प्रणाली**ः हालसम्म लाभांश वितरण प्रक्रियामा महिला सम्बन्धित अस्पष्ट व्यवस्था रहेको छ जस्तैः सा.व. मार्गदर्शन २०६५, अनुसार ३५% भनी महिला तथा विपन्न वर्ग भनिएता पनि महिलामात्र कति भन्ने स्पष्टता नभएको, | लैंगिक संवेदनशील नीति निर्माण तथा कार्यान्वयनमा अन्तर | महिलाहरु लाभांश प्रक्रियाबाट वञ्चित हुने जसले महिलाको जीविकोपार्जनमा कठिनाई व्यहोर्नु पर्ने भएकाले समुदायका कलह बढ्ने |

| | | |
|---|---|---|
| **नीति निर्माण र नीति कार्यान्वयनमा भिन्नता:** सहभागिता तथा निर्णायक भूमिकाका लागि सहज वातावरण उल्लेख भएता पनि, यसको कार्यान्वयनको पक्ष निकै कमजोर रहेको छ । | नीतिगत रुपमा महिला सहभागिता, निर्णायक तहमा वा सशक्तीकरणका लागि प्रवद्धन भएता पनि कार्यान्वयन तहमा कमी, | प्राकृतिक स्रोतमाथिको अधिकारबाट वञ्चित हुनु |
| **कार्यभूमिका तथा निर्भरतामा फरक:** महिला तथा पुरुषको वनमाथिको निर्भरता तथा पहुँचमा फरक रहेता पनि महिलाको भूमिकालाई संरक्षणमामात्र सीमित राखेको देखिन्छ । | महिला भूमिकाको पहिचान नहुनु | महिला अवस्था अझै पछाडि धकेलिने, |

**सम्बोधनका उपायहरु**

रेडप्लसको सामाजिक तथा वातावरणीय मापदण्ड अनुसार दिगो वन व्यवस्थापनका निम्ति कार्यान्वयन तहमा आउन सक्ने सवालहरुलाई सम्बोधन गर्न र ती सवालहरुमा लैंगिक मुद्दाहरु पनि आवश्यक छन् । त्यसको लागि नेपालको सन्दर्भमा पिछडिएका अवस्थामा रहेका महिला वर्गको रेडप्लसले महिलामैत्री वैकल्पिक उपायहरु पत्ता लगाउनु आवश्यक हुन्छ । रेडप्लसमा महिलाका सवालको कुरा गर्दा श्रोतमाथि महिलाको अधिकार सुनिश्चित हुने अवधारणाहरु ल्याइनुपर्छ । प्राकृतिक स्रोतमाथि पुरुष तथा सम्पन्न वर्गले एकाधिकार जमाएका छन् । जबकि वास्तविक उपभोक्ता महिला हुन् । तसर्थ, निर्णायक महिला अधिकारका साथै आयआर्जनमूलक कार्यक्रमहरुबाट महिलालाई आर्थिक रुपमा सशक्त बनाउनु पर्छ । निम्न क्षेत्रमा रेडको फाइदाका लागि लगानी गर्न सकिन्छ ।

- महिला शिक्षा तथा जनचेतना अभिवृद्धि : ग्रामिण महिलाहरुको विकासका लागि शिक्षा अत्यावश्यक छ ।सभा तथा जमघटमा आएर प्राय महिलाहरु आफ्ना विचार राख्नसमेत लजाउँछन् । त्यसैले महिलालाई सशक्त बनाउन तथा आफ्ना हक अधिकारका लागि वकालत गर्न सक्षम बनाउन शिक्षामा लगानी गर्नु अत्यावश्यक छ । त्यसैगरी हिमवन्ती नेपालद्वारा सर्लाही र मकवानपुरमा भएका कार्यक्रमका आधारमा ग्रामीण समुदायमा रेडप्लसको जानकारी नभएको र त्यसको लाभ तथा प्रभावकारी कार्यन्वयनमा विश्वस्त नरहेको पाइएको छ । त्यसकारण विषेशतः महिलामा विषयवस्तुको जानकारी एवं यसका सकारात्मक तथा नकारात्मक पक्ष र उनीहरुको भूमिकाबारे जनचेतना दिनु जरुरी छ ।
- महिलाको सहभागिता तथा प्रतिनिधित्वमा वृद्धिः प्राकृतिक स्रोतमा महिलाहरुको अधिकारलाई दिगो रुपमा स्थापित गर्न वर्तमान नेतृत्वमा रहेका व्यक्तिहरुलाई महिला हितमा वकालत गर्न प्रोत्साहित गर्नु पर्छ । प्राकृतिक श्रोतमा महिलाको सहभागिता निकै न्यून रहेको छ । रेडप्लसमा जनचेतनाका कार्यक्रमहरुमा महिलाको सहभागितामा वृद्धि गरेर निर्णयक तहमा उनीहरुको पहुँच बढाउनु आवश्यक छ ।
- क्षमता अभिवृद्धि : महिलाको निर्णायक तहमा पहुँच तथा अर्थपूर्ण सहभागिताका लागि महिला क्षमता अनुरुपको महिलाको जनचेतना अभिवृद्धि निम्ति कार्यक्रम तय गर्नु पर्दछ ।
- लैंगिक विश्लेषण तथा अनुसन्धानः नेपालको सन्दर्भमा लैंगिक सवालहरुले खासै सम्बोधन पाएका छैनन् । यस विषयसँग सम्बन्धित अनुसन्धान तथा विश्लेषण

गरी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ज्यादै न्यून देखिएको छ । यही कारणले लैगिंक सवालहरुको सम्बोधनका निमित्त, अनुसन्धान तथा कार्यान्वयनको पक्षमा विश्लेषण आवश्यक छ ।

- महिला हिंसाका सवालहरुको सम्बोधन : जुनसुकै कार्यक्रम लागु गर्नुपूर्व महिलाहरुको कार्यबोझको मूल्यांकन गरिनुपर्दछ । महिलाले प्रस्तुत गरेको कार्यक्रममा सहभागी हुँदा उनलाई कार्यक्रममा आउने वातावरण पूर्वरुपमै सहजीकरण गरिनुपर्दछ । कार्यक्रमको समय तथा अवधि, समुदायको अवस्था तथा महिलाहरुको स्तर हेरेर मात्र तय गरिनु पर्दछ । अन्यथा, महिलाको सहभागिता तथा दिगोपनामा चुनौती देखिन सक्छ । नेपालमा ६२ प्रतिशत महिलाहरु घरेलु हिंसाबाट पीडित भएको पाइन्छ (WOREC 2009), यसले गर्दा महिलाहरुको स्रोत र स्वतन्त्रता कम रहेको छ । रेडप्लसले सुशासन तथा वृहद किसिमको दिगो सामाजिक न्यायका लागि योगदान गर्दछ । मानवअधिकारको सम्मान गर्दछ (MoFSC 2014) । त्यसकारण रेडप्लस कार्यान्वयनका पक्षमा वातावरण बनाउनु, ग्रामिण महिलामा व्याप्त हिंसाको अवस्था सुधार गर्नका लागि जनचेतना जगाउँदै दण्डको प्रावधान राखिनुपर्छ ।

- भूमिअधिकार : भूमिअधिकारमा महिला पुरुषबीच तथा धनी गरिबबीचको पहुँचमा निकै ठूलो अन्तर रहेको छ । रेडप्लस रणनीतिमा लैंगिक समतालाई मध्यनजर गरी यसको कार्यान्वयन पक्षमा वन स्रोत तथा सम्बन्धित अन्य क्षेत्रहरुमा महिलाका भूमिअधिकार सुरक्षित रहने कार्यक्रमहरु तय गर्नुपर्दछ । त्यसै गरी रणनीति तथा कार्ययोजनाहरुमा समतामूलक भूमिअधिकारका लागि बढी लचकदार हुनुपर्दछ ।

- लाभांश वितरण प्रणालीमा पुनरावलोकन: प्रचलनमा रही आएका महिला तथा विपन्न वर्ग निम्ति छुट्याइएका लाभांशहरु पनि निश्चित प्रतिशत छुट्याउनु पर्दछ । सो लाभांशलाई महिलाहरुकै जीवनस्तर सुधार तथा महिला सशक्तीकरणको पाटोमा लगाउनु पर्दछ ।

## सन्दर्भ सामग्री

**Agarwal, B.** 2010. The impacts of women in Nepal's Community forestry management, a gender perspective. *Mountain development (57)*, 26-29.

**MoFSC,** 2014. *REDD+ Social and Environmental Standard*. Kathmandu: MoFSC, REDD Forestry and CC Unit.

**Watch, U. W.** 2009. *Women, Gender Equality and Climate Change*. www.un.org/womenwatch/features/climate change/ Retrieved on November 15, 2013.

**WOCAN/HIMAWANTI.** 2012. *An Assessment of Gender and Women's Exclusion in REDD+ in Nepal*. Kathmandu: WOCAN.

**WOREC**. 2009-08 -12. *WOREC, Nepal*. Retrieved 11-16-2013, from Fact-finding report: worecnepal.org/campaings/violence-against-women.